**प्रस्ताव नं. १** : सातौं गाउँसभा सम्वन्धमा ।

**प्रस्ताव नं. २** : खाद्य सुरक्षा उत्पादनमूलक विशेष कार्यक्रम कार्यान्वियन सम्वन्धमा ।

**प्रस्ताव नं. ३** : होमस्टे व्यवस्थपान रकम सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : सामाजिक सहायतता सम्वन्धमा ।

**प्रस्ताव नं. ५** : विविध ।

**निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिकाको आगामी आ.व. २०७७।०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नको लागि सातौं गाउँसभाको बैठक मिति २०७७ अषाढ १० गते दिउँसो १:०० बजे बोलाउने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस चालु आ.व. २०७६।०७७ मा भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशबाट खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको लागि विनियोजन भएको रकमको कार्यक्रम कार्यान्वयनको लागि देहाय वमोजिम गर्ने ।

क) तपसिलको खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने ।

**तपसिल :**

| क्र.सं. | नामथर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | दानबहादुर थापा | अध्यक्ष | संयोजक |
| २. | विरशंकर रोकाय | वडा अध्यक्ष | सदस्य |
| ३. | टोपबहादुर बुढा | अधिकृत | सदस्य |
| ४. | | प्रतिनिधि, इलाका वन कार्यालय | सदस्य |
| ५. | चन्द्रप्रसाद शर्मा | प्रतिनिधि, कृषि सहकारी संघ/संस्था | सदस्य |
| ६. | | कृषि शाखा प्रमुख | सदस्य सचिव |

ख) खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रमको लागि यस गाउँपालिकालाई प्राप्त रकमबाट सुन्तला, जुनार र कागतीको विरुवा लगाउन सहायतता प्राप्त गर्न चाहने व्यक्ति तथा संस्थाहरुको लागि आवेदन आह्वान गर्ने ।

ग) खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम कार्यान्वयनमा सहजीकरणको लागि गाउँ कार्यपालिकाको कार्यालय, कृषि शाखामा स्वयमसेवकको रुपमा काम गर्दै आउनु भएका कृषि प्राविधिक श्री सपना खड्कालाई परिचालन गर्ने र निजलाई पारिश्रमिक वापत रु. २०००० उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस भगवतीमाई गाउँपालिकाको आ.व. २०७६।०७७ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार जनजाती लक्षित कार्यक्रम अन्तर्गत भगवतीमाई ५ मा रहेको होमस्टे व्यवस्थापनको लागि विनियोजन भएको रु. २०००००। रकमबाट उक्त होमस्टे जाने सडक निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिकाको आयोजनामा २०७६ मा संचालित राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालनको क्रममा सरस्वती माध्यामिक विद्यालयको छात्रा श्री विमला कुमारी वस्नेतलाई टाउकोमा चोट लागि उपचारको क्रममा रु. ३१२३२ खर्च भएको र सोही विद्यालयका छात्रा श्री कमला के.सी. को नाकमा लगाएको रु. १००००। टुकी हराएकोमा निजहरुले सो वापत भएको खर्च रकम उपलब्ध गराईपाऊँ भनि आवश्यक कागजात सहित निवेदन पेश गरेको हुँदा यस कार्यालयको चालु खर्चतर्फ सामाजिक सहायता शिर्षकबाट सहयोग स्वरुप क्रमश विमला कुमारी वस्नेतलाई रु. ३१२३२। र कमला के.सीलाई रु. १००००। रकम उपलब्ध गराउने निर्णय गरियो ।



Scanned with CamScanner